NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

मार्च १४,२०१२
सम्पर्क: एटलान्टामा, डेबोरा ह्याक्स +१ ४०४-४२०-५१२४
काठमाडौंमा, स्यारा लेभिट-स्योर +९७७ ४४४-५०५५/१४४६

## अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टरद्वारा नेपाली जनताहरुको नाममा खुला पत्र

कार्टर सेन्टरका मेरा मित्रहरु र म नेपालको सरकार र राजनीतिक दलहरुले माओवादी लडाकूका २८ मध्ये १३ वटा शिविरहरुलाई बन्द गरेको र स्वैच्छिक अवकाश रोजेका लडाकूहरुको बहिर्गमन प्रक्रिया समापन गरेको प्रति सह्राहना गर्दछौं । शान्ति प्रक्रिया समापन गर्ने मार्गमा यी महत्वपूर्ण कदमहरु हुन् ।

म नेपालका राजनीतिक नेताहरुलाई समाधान हुन बाँकी रहेका सबै बहसहरुको शीघ्र निराकरण गर्दै समायोजन प्रक्रिया थालनी गर्न आग्रह गर्दछु । भविष्यमा नयाँ समस्या नउब्जिउन् भन्ने सुनिश्चित गर्न म नेपाल सरकारलाई बहिर्गमन प्रक्रियाको सेरोफेरोमा उठेका चासोहरुलाई सम्बोधन गर्न समेत आग्रह गर्दछु ।

मे २०१२ को संवैधानिक समयसीमा तीब्र गतिमा नजिकिँदै छ । अनेकौं बिलम्बपछि, यो नेपालका राजनीतिक दलहरुका लागि नेपाली जनतासँग गरेका आफ्ना प्रतिबद्धताहरु पूरा गर्ने समय हो । नेपालका नेताहरुले यो समयसीमाभित्र लोकतान्त्रिक र समावेशी संविधान घोषणा गर्न व्यापक रुपमा स्वीकार्य संम्झौताहरु खोज्नु पर्दछ । यी सम्झौताहरु नेपाली जनताका आकांक्षाहरु बमोजिम हुनु महत्वपूर्ण छ ।

म यस संवेदनशील समयमा सबै पक्षले आफ्नो शक्तिलाई शान्ति र संवैधानिक प्रक्रिया सफलतापूर्वक पूरा गर्न पुनः समर्पण गर्ने र नेपालको ऐतिहासिक शान्ति प्रक्रियाका मार्गदर्शक दस्तावेजहरुमा समाविष्ट शान्ति, लोकतन्त्र, न्याय, मानवअधिकार, समावेशीता, कानूनको शासन तथा प्रेस स्वतन्त्रतालाई कायम राख्ने कार्य गर्ने अपेक्षा गर्दछु ।

नेपालका जनता दीगो शान्ति तथा समृद्धिको मार्गतर्फ उन्मुख हुँदै गर्दा म यहाँहरुको समर्थन गरिरहन प्रतिबद्ध छु ।